# नेपालमा पाइने अति विषालु च्याउहरू

**वैज्ञानिक नाम:** *Amanita virosa* Bertill.
**वानस्पतिक परिवार:** Amanitaceae
**भौगोलिक क्षेत्र:** मध्य पहाड
**बासस्थान:** उतिस, कटुस, चिलाउनेको वन


PC: Morten Christensen

**वैज्ञानिक नाम:** *Amanita verna* Bull. ex Lam.
**वानस्पतिक परिवार:** Amanitaceae
**भौगोलिक क्षेत्र:** मध्य, उच्च पहाड
**बासस्थान:** गुराँस, कटुस, चिलाउने, खस्रु, सल्लोको वन


PC: Salvatore Saitta

**वैज्ञानिक नाम:** *Amanita concentrica* T. Oda, C. Tanaka & Tsuda
**वानस्पतिक परिवार:** Amanitaceae
**भौगोलिक क्षेत्र:** मध्य, उच्च पहाड
**बासस्थान:** कटुस, चिलाउने, खस्रुको वन


PC: Shiva Devkota

**वैज्ञानिक नाम:** *Galerina marginata* (Batsch) Kühner
**वानस्पतिक परिवार:** Hymenogastraceae
**भौगोलिक क्षेत्र:** तराई, उच्च पहाड
**बासस्थान:** साल, सिसौ, गुराँस, कटुस, चिलाउने, खस्रु, सल्लोको वन


PC: Dan Molter

**वैज्ञानिक नाम:** *Amanita longistriata* S. Imai
**वानस्पतिक परिवार:** Amanitaceae
**भौगोलिक क्षेत्र:** मध्य पहाड
**बासस्थान:** कटुस, चिलाउने, खस्रु, सल्लोको वन


PC: Morten Christensen

**वैज्ञानिक नाम:** *Mycena pura* (Pers.) P. Kumm.
**वानस्पतिक परिवार:** Mycenaceae
**भौगोलिक क्षेत्र:** उच्च पहाड
**बासस्थान:** गुराँस, कटुस, खस्रु, सल्लोको वन


PC: Thomas Roehl

**वैज्ञानिक नाम:** *Amanita phalloides* (Vaill. ex Fr.) Link
**वानस्पतिक परिवार:** Amanitaceae
**भौगोलिक क्षेत्र:** मध्य, उच्च पहाड
**बासस्थान:** कटुस, चिलाउने, खस्रु, सल्लोको वन


PC: Morten Christensen

**वैज्ञानिक नाम:** *Paxillus involutus* (Batsch) Fr.
**वानस्पतिक परिवार:** Paxillaceae
**भौगोलिक क्षेत्र:** मध्य, उच्च पहाड
**बासस्थान:** गुराँस, कटुस, चिलाउने, खस्रु, सल्लोको वन


PC: Shiva Devkota

**वैज्ञानिक नाम:** *Amanita subglobosa* Zhu L. Yang
**वानस्पतिक परिवार:** Amanitaceae
**भौगोलिक क्षेत्र:** तराई, उच्च पहाड
**बासस्थान:** साल, सिसौ, गुराँस, कटुस, चिलाउने, खस्रु, सल्लोको वन


PC: Shiva Devkota

## च्याउ चिनेर मात्र खाऔं, अमूल्य जीवन नगुमाऔं

नेपालमा करिब १३०० प्रजातिका जंगली च्याउहरू पाइन्छन् । जसमा १०० वटा विषालु छन् । अधिकांश विषालु च्याउहरू हेर्दा अति आकर्षक रङ्ग र बनोटका कारण टिपेर खाउँ खाउँ लाग्ने खालका हुन्छन् । प्रायजसो विषालु च्याउको छातामा काँडा वा गिर्खा, डाँठमा औंठी र फेदमा कचौरा वा थैलो जस्तो भाग हुन्छ । विशेषत: वर्षायाम शुरू भएपछि विषालु च्याउ खाएका कारण नेपालमा वर्षेनी औसत २०–२५ जनाको मृत्यु हुने गरेको र सयौँको संख्यामा गम्भीर बिरामी हुने गरेको पाइन्छ ।

## विषालु च्याउ खाएमा देखिने लक्षणहरू

च्याउको प्रजाति अनुसार लक्षणहरू पनि फरक फरक हुन्छन् । मुख्यत: निम्न असरहरू देखिन सक्छन्:

- थकान, वान्ता आउला आउला जस्तो हुनु, बान्ता हुनु, पेट दुख्नु,
- आँखा तिर्मिर हुनु, होस गुमाउनु र नसा सेवन गरे जस्तो हुनु,
- हातखुट्टा बाउडिनु, न्याल चुहाउनु, कालो पिसाब गर्नु, पिसाब थोरै मात्र गर्नु,
- मुटुको चाल असामान्य हुनु, रक्तचाप कम हुनु ।

## रोकथाम तथा उपचार विधि

- प्रष्ट पहिचान नगरी जंगली च्याउहरू संकलन, मिसावट र खाने काम नगरौं ।
- खान हुने च्याउ पनि एकै पटक धेरै मात्रामा नखाऔं ।
- विषालु च्याउलाई सुकाएर, अमिलो हालेर वा अन्य घरेलु विधिबाट च्याउमा भएको विषलाई कम गर्न सकिंदैन । तसर्थ, विषालु च्याउ खाएको शंका वा लक्षण देखिने बित्तिकै नजिकैको स्वास्थ्य केन्द्रमा जाऔं ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वनस्पति विभाग**
थापाथली, काठमाडौं
२०८० साउन

अनुसन्धानकर्ता: डा. शिव देवकोटा (Email: shiva.devkota@gmail.com) | अवधारणा: रमेश बस्नेत | वेबसाइट: www.dpr.gov.np